श्री

# उच्च अदालत तुलसीपुर, बुटवल इजलास

संयुक्त इजलास

**माननीय न्यायाधीश श्री अग्नीप्रसाद थपलिया**

**माननीय न्यायाधीश श्री सुदर्शनदेव भट्ट**

**आदेश**

रिट निवेदन नं.०७६-WO-००९६

दर्ता मितिः२०७६।१०।२७

इजलास नं.-२ को नि.नं.-२०२

जिल्ला रुपन्देही, बुटवल उपमहानगरपालिका वडा नं. ११ कालिकानगरमा रजिष्टर्ड कार्यालय रहेको द कन्सेप्ट चेन प्रा.लि.को तर्फबाट अख्तियार प्राप्त प्रतिनिधि एवं ऐ. का अध्यक्ष श्री प्रदिप कुँवर.......................................} निवेदक

<u>विरुद्ध</u>

जिल्ला प्रशासन कार्यालय, सिद्धार्थनगर, रुपन्देही...............................१
जिल्ला प्रहरी कार्यालय, रुपन्देही, भैरहवा.......................................१
इलाका प्रहरी कार्यालय, बुटवल रुपन्देही.......................................१
वडा प्रहरी कार्यालय, रामनगर, बुटवल.........................................१
} विपक्षी

**मुद्दाः-निषेधाज्ञा मिश्रित परमादेश**

नेपालको संविधानको धारा १४४ तथा न्याय प्रशासन ऐन, २०७३ को दफा ८(१) बमोजिम यसै अदालतको क्षेत्राधिकार भित्र पर्ने प्रस्तुत निवेदनको संक्षिप्त तथ्य र आदेश यस प्रकार छः-

**तथ्य खण्ड**

१. म निवेदक समेतले प्रचलित कम्पनी ऐन, २०६३ को अधिनमा रही कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वरमा प्रा. लि. दर्ता नं. १७३३२८ को द कन्सेप्ट चेन प्रा.लि, दर्ता गरी कम्पनीको प्रबन्धपत्रको दफा ५ को उद्देश्य खण्ड बमोजिम

रात्रिकालीन मनोरञ्जनात्मक व्यवसाय सञ्चालन गर्ने अनुमति प्राप्त गरी रात्रिकालीन मनोरञ्जन व्यवसाय व्याण्ड तथा डिस्को थेक मार्फत आफ्ना ग्राहकहरुलाई उच्चस्तरको सेवा प्रदान गर्दै आएको छौं। उक्त व्यवसाय सञ्चालन गर्न हामी निवेदकहरुलाई नेपालको संविधान, २०७२ को धारा १७ (२) (च), धारा २५ तथा मुलुकी देवानी (संहिता) ऐन, २०७४ को नागरिक अधिकार सम्बन्धी व्यवस्थाको नं. १७, तथा नं. २० (ङ) (छ) र नं.२५ ले समेत संरक्षण प्रदान गरेको छ। नेपालको प्रचलित ऐन, नियम बमोजिम कम्पनी दर्ता गरी सम्बन्धित निकायबाट पान/भ्याट एवं इजाजत समेत प्राप्त गरी सकेको अवस्थामा रात्रिकालीन मनोरञ्जनात्मक एवं डिस्कोथेक व्यवसाय सञ्चालनको लागि सम्बन्धित निकायबाट तोकिएको सर्त एवं नियम पालना गर्नु पर्ने तथा सञ्चालनको लागि निश्चित समय सीमा समेत अवलम्बन गर्नुपर्ने व्यवस्था अन्तर्गतका आवश्यक पूर्वाधार एवं श्रोत,साधन जस्तै साउण्ड प्रुफको व्यवस्था, सि.सि. टि.भि., सुरक्षाको दृष्टिकोणले आवश्यक पर्ने उच्चस्तरको संयन्त्र लगायत आफ्नो लाउन्जमा पाल्नु हुने स्वदेशी एवं विदेशी पाहुनाहरुको लागि सत्कारका लागि आवश्यक सम्पूर्ण सामाग्री, आवश्यक दक्ष जनशक्ति समेतको व्यवस्थापन गरी आफ्नो व्यवसायको आधुनिकीकरण गर्न अन्य क्लब तथा रात्रिकालीन सेवा दिने यस्तै प्रकारका क्लब, दोहरी, लाइभ म्यूजिक, डिस्कोथेक भन्दा केही हदसम्म बढि खर्च गरी आफ्नो व्यवसायलाई सुरक्षित एवं व्यवस्थित पार्दै आएका छौं। रात्रिकालीन व्यवसायलाई समय सापेक्ष मर्यादित, आधुनिक टेक्नोलोजीको प्रयोग गर्दै आइरहेका छौं। आफ्नो मुलुकको युवा जनशक्तिलाई नेपालमा नै रोजगारीको सुनौलो अवसर प्रदान गर्ने हेतुका साथ संचालित यी व्यवसायले आफ्नो प्रकृति अनुरुप आफ्ना ग्राहकहरुलाई रात्रि समयमा सेवा दिने कारणबाट अन्य व्यवसाय भन्दा पृथक एवं संवेदनशील हुने भएकोले यसका लागि विभिन्न व्यवस्थाहरु गर्दै आइरहेको अवस्था छ। नेपालको अर्थतन्त्रको सबैभन्दा भरपर्दो र दीर्घकालीन आयस्रोत पर्यटन व्यवसाय हो। यसका लागि नेपालमा पर्यटन विकास गर्न नेपाल पर्यटन बोर्डको नै गठन भएको छ। जसले "Once is not enough" भन्ने नाराका साथ पर्यटन व्यवसाय बिस्तारमा समेत टेवा पुऱ्याउँदै आएको छ। पर्यटकहरुलाई लक्षित गरी सञ्चालनमा आउने पर्यटन व्यवसायहरु कानूनको अधिनमा रही सकेसम्म पर्यटकहरुलाई सेवा सुविधा, आनन्द, मनोरञ्जन दिने उद्देश्यले लक्षित भएर स्थापना भएका हुन्छन्। विश्वमा नै

पर्यटन व्यवसायको उद्देश्य भनेको धेरैभन्दा धेरै पर्यटक घुम्न आओस्, आनन्द, सुख सुबिधा लिओस् एकपटक आएको पर्यटक पटक पटक आओस भन्नुका साथै उसले अरुलाई पनि पठाओस् भन्ने हुन्छ। त्यसैलाई मध्ये नजर गरेर पर्यटन उद्योगबाट पर्यटकलाई सेवा सुविधा र सत्कार गरिन्छ। नेपालले पनि विभिन्न नाराका साथ पर्यटन भित्राउनको लागि पर्यटकलाई लालाहित गराउँदै आएको छ। नेपालले नेपाल पर्यटक वर्षको रुपमा भिजिट नेपाल २०२० मनाईदै छ। पर्यटक घुम्न र मनोरञ्जनका लागि आउने भएकाले पर्यटकलाई मनोरञ्जन गर्न र फेरि पनि यहाँ आउन मन लाग्ने वातावरण बनाउन अत्यन्त जरुरी छ। पर्यटकको छोटो समयमा पर्यटकले भरपुर मनोरञ्जन गर्न र हाम्रो देशमा पैसा खर्च गर्न २४ सैं घण्टा उनीहरुले सेवा पाउनु पर्दछ। जसका लागि पर्यटकीय क्षेत्रमा खान, बस्न र मनोरञ्जनका माध्यमका लागि होटल, पब, लाउञ्ज, डिस्कोथेक लगायत बजार खुल्ला रहनु पर्दछ। यसरी पर्यटन व्यवसाय प्रवर्धन गर्न शान्ति सुरक्षा कायम गर्न नेपालको नियमित सुरक्षा निकायका साथै पर्यटन प्रहरी समेत खटिएका छन्। "Metropolitan City Never Sleeps" भन्ने मान्यताका साथ विश्वको धेरै बजारहरु बन्दनै हुँदैनन्।ग्रीस, इज्रेल, जापान, न्युजिलेण्ड, बेलायत, बैंकक, न्युर्योकका धेरै ठाउँमा बजार बन्द नै हुँदैन।काठमाण्डौ महानगरपालिका पनि नेपालमा आउने पर्यटकको पहिले प्रवेशद्वार देशको सबैभन्दा पुरानो महानगरपालिका हो र यहाँ विदेशी पर्यटकको आवागमन निकै धेरै हुन्छ। नेपाल आउँदा सुरुमा र अन्तिममा पनि पर्यटक काठमाण्डौ महानगरपालिका नै आउने हुदा "Metropolitan City Never Sleeps" भन्ने अवधारणामा रही काठमाण्डौं घोषणा, २०६८ बाट पर्यटकीय स्थल खुल्ला राख्ने अवधारणा सुरु भएको पाइन्छ। हाम्रो देश नेपालले पर्यटनलाई विशेष प्राथमिकतामा राखेको हुनाले यसैको फलस्वरुप गृह मन्त्रालय सिंहदरबार काठमाण्डौ, नेपालको गृह प्रशासन सुधार मार्ग चित्र २०७४ ले "जवाफदेही गृह प्रशासन, शान्ति सुशासन" भन्ने नाराका साथ बुँदा नं. २५ मा "ठमेल, दरबारमार्ग, पोखरा लेकसाइड जस्ता पर्यटकको आवागमन बढी हुने क्षेत्रमा २४ घण्टा बजार खुल्ला रहने गरी आवश्यक सुरक्षाको प्रवन्ध मिलाइनेछ" भनी महानगरपालिका ठमेल, दरबारमार्ग लगायत आवश्यक ठाउँमा २४ घण्टा बजार खुल्ला राख्ने मार्गचित्र बनाइएको छ। बुटवल उपमहानगरपालिका पनि आन्तरिक एवं बाह्य पर्यटकको आगमन हुने केन्द्रविन्दुको रुपमा रही आएको हुँदा २४ सैं घण्टा

नभए पनि रातको २ बजेसम्म क्लब सञ्चालन हुनु अनिवार्य अवस्था छ। नेपाल पक्ष भई नेपालले प्रतिबद्धता व्यक्त गरेका महासन्धि, सन्धिहरु व्यापार व्यवसाय सञ्चालन गर्न पाउने हक, सम्पत्तिको हक लगायत मानव अधिकार सम्बन्धी विश्वव्यापी घोषणा, १९४८ को धारा २३ को व्यवस्थाले प्रत्येक मानिसलाई काम गर्ने र इच्छा अनुसारको रोजगारी गर्ने हक हुनेछ भन्ने व्यवस्था छ। डिस्को तथा लाइभ म्यूजिक व्याण्ड, लाउन्जहरुलाई राति २:०० बजे सम्म खोल्न दिने तथा भौतिक पूर्वाधारहरुको व्यवस्था जस्तै साउण्डप्रुफको व्यवस्था गर्ने, सि.सि. क्यामराको जडान गर्ने, कर्मचारीको फोटो सहितका परिचयपत्र बनाई प्रहरीमा उपलब्ध गराउने, कर्मचारी एवम् गेष्टको उमेर २० वर्ष भन्दा माथि हुनु पर्ने, कर्मचारीको ड्रेसको व्यवस्था गर्नु पर्ने समेतका निर्णय भए बमोजिम नै हाल डिस्कोथेकहरु सञ्चालन भैरहेको अवस्थामा हाल आएर जिल्ला प्रहरी कार्यालयको तथा इलाका प्रहरी कार्यालयको आदेश छ भनी केही समूहका प्रहरीहरु आई हुल हुज्जत गरी हामी निवेदकले सञ्चालन गरेको डिस्को थेक, बारमा प्रवेश गरी बिना आधार, कारण माथिको आदेश छ, किन यति बेलासम्म चलाइस, समय कति बज्यो हेरेको छस्, भन्दै तोकिएको समय सीमा पूर्व अर्थात् कहिले रातको १० बजे त कहिले रातको १०:३० बजे नै आई डिस्कोथेक बन्द गर्नु भनी स्वदेशी एवं विदेशी पाहुनाहरुले मनोरञ्जन लिइरहेकै समयमा अमर्यादित तवरबाट चर्को स्वरले धम्काउने, विना आधार कारण दुःख हैरानी दिने, कहिलेकाहीं पाहुनाहरुलाई नै लाठी चार्ज गर्ने, कुटपिट गर्ने, धर पकड गरी रात भरी हिरासतमा राख्ने लगायत डिस्कोथेक सञ्चालन गर्ने वातावरणलाई नै खलल पार्ने किसिमले व्यवसाय सञ्चालन गर्न अवरोध पुऱ्याएको हुँदा म निवेदकको नेपालको संविधानले प्रदत्त गरेको मौलिक हक एवं प्रचलित कानून बमोजिमको व्यापार व्यवसाय गरी सम्पत्ति आर्जन गर्न पाउने हकमा गम्भीर आघात पर्ने आशंका देखिएकोले बाध्य भै नेपालको संविधानको धारा १७(१),(२)(च), १८, २५ द्वारा प्रदत्त मौलिक हक, मुलुकी देवानी (संहिता) ऐन, २०७४ को भाग १, परिच्छेद ३, को दफा १७, १८, २०(१),(२)(छ), २६(३),(५) द्वारा प्रदत्त र व्यवस्थित नागरिक हकमा हनन् भएकोले सो हक प्रचलनको लागि नेपालको संविधानको धारा १४४(१),(२) न्याय प्रशासन ऐन, २०७३ को दफा ८(१) र उच्च अदालत नियमावली, २०७३ को नियम ४२ बमोजिमको आधारमा कानूनको आधारमा बाहेक

निवेदकले सञ्चालन गरेको रेष्टुरेन्ट क्लव व्यवसाय सञ्चालनमा रातको २ बजेसम्म सञ्चालनमा अवरोध नगर्नु, नगराउनु भनी अन्तरिम आदेश सहितको निषेधाज्ञायुक्त परमादेशको आदेश जारी गरी पाउँ।साथै, विपक्षीहरुले म निवेदकलाई जुनसुकै बखत थुनछेक गर्ने, धर पकड गर्ने, जबरजस्ती तरिकाले आफूले सञ्चालन गरेको व्यवसाय बन्द गर्ने समेत आशंका भएकोले यो निवेदनको अन्तिम टुङ्गो किनारा नलाग्दासम्म म निवेदकको अध्यक्षतामा रहेको यस कम्पनीलाई अनावश्यक तवरबाट हुल हुज्जत नगर्न, सम्बन्धित कार्यालय एवं सरकारी संयन्त्रबाट निर्देशित समय सीमा अर्थात् रातको २ बजे अगावै कुनै किसिमले रोकावट नगर्न, नगराउनु भनी उच्च अदालत नियमावली, २०७३ को नियम ४२(१)(क) बमोजिम विपक्षीहरुका नाममा अन्तरिम आदेश जारी गरी पाउँ भन्ने समेत बेहोराको अ.प्रा. प्रदिप कुँवरको निवेदन मागदावी।

२. यसमा के कसो भएको हो? निवेदकको माग बमोजिमको आदेश किन जारी हुनु नपर्ने हो? आदेश जारी हुन नपर्ने कुनै आधार र कारण भए खुलाई यो आदेश सहितको सूचना प्राप्त भएको मितिले बाटोको म्याद बाहेक १५(पन्ध्र) दिन भित्र विपक्षीहरुलाई उच्च सरकारी वकिल कार्यालय, बुटवल मार्फत लिखित जवाफ पेस गर्नु भनी निवेदन र आदेशको प्रतिलिपि साथै राखी म्याद सूचना जारी गरी लिखित जवाफ परेपछि वा अवधि व्यतित भएपछि नियमानुसार पेस गर्नू। साथै,निवेदनमा अन्तरिम आदेश समेतको माग गरेको सन्दर्भमा विचार गर्दा, अन्तरिम आदेश जारी हुनु पर्ने, नपर्ने सम्बन्धमा दुवै पक्षको छलफल सुनी निर्णयमा पुग्नु उपयुक्त हुने देखिंदा मिति २०७६।११।५ गते दिनको ११:०० बजेलाई छलफलको दिन तोकिदिएको छ।सोको जानकारी निवेदक र विपक्षीहरुलाई दिनू भन्ने समेत बेहोराको यस अदालतबाट मिति २०७६।१०।२८ मा भएको आदेश।

३. यसमा निवेदकले निवेदन गर्दा द कन्सेप्ट चेन प्रा.लि.को प्रमाणपत्र र स्थायी लेखा नम्बर दर्ता प्रमाणपत्र संलग्न गरी निवेदन दिएको देखिंएको, कम्पनीको प्रमाणपत्रमा उल्लिखित सर्त सम्बन्धमा मौन रहेको देखिंदा, निवेदकको अन्तिम सुनुवाई हुँदाका बखत निवेदनको सम्बन्धमा सम्बोधन हुने नै हुँदा हाल अन्तरिम आदेश दिइरहनु परेन, कानून बमोजिम गर्नू भन्ने समेत बेहोराको यस अदालतबाट मिति २०७६।११।०५ मा भएको आदेश।

४. निवेदकले आफ्नो प्रा.लि.लाई निर्वाद रुपमा सञ्चालन गर्नु पर्छ भन्नु भएको छ, रातको २:०० बजे  बन्द हुँदा आउने ग्राहकहरुलाई रातको २ बजेको समयमा सम्बन्धित घर ठेगानासम्म जान सक्ने अवस्था छ,छैन? बन्द भए पश्चात निस्केको ग्राहक आफ्नो घरमा पुगेको छ, छैन? पुग्न सक्ने अवस्थामा थियो वा थिएन? सवारी साधनबाट जाने मानिस हो भने सवारी साधन चलाउन सक्ने अवस्थामा छन्,छैनन्? कुनै कारणबस रातको २:०० बजे दुर्घटना वा अन्य कारणले मानवीय क्षति हुन पुगेमा त्यसको तत्काल उद्दार हुन सक्ने अवस्था छ,छैन?परिवारको सदस्यले आफ्नो घरको मानिस कन्सेप्टमा गएको छ आउँछ भनी घर परिवार कुरेर बस्न सक्ने अवस्थाको छ, छैन? उक्त प्रा.लि. भित्र कोठामा मात्र साउड प्रुफ छ,राति २:०० बजेको समयमा उक्त प्रा.लि.बाट निस्कने क्रममा हो हल्ला हुने र प्रा.लि.मानव बसोबास भएको ठाउँ भएको र सँगै जोडीएर घरहरु समेत रहेका कारणले उक्त घरहरुमा रहेका मानिसहरुलाई त्यसको असर परेको भनी पटक-पटक गुनासो गर्दै आएका र बेला बखतमा प्रा.लि.भित्र ग्राहकहरु बीचमा नै झै-झगडा, हातपात भएको कारणले गर्दा प्रा.लि.मा आएका ग्राहकहरुद्वारा नै प्रहरीलाई जानकारी गराएकोले प्रहरी नै उक्त प्रा.लि.मा गई शान्ति सुरक्षार्थ ग्राहकहरुलाई प्रा.लि.बाट अशान्ति,झै-झगडाको कारणले गर्दा बाहिर निकाल्नु पर्ने अवस्था रहेको छ।उद्योग जस्तो गरी बस्तीभन्दा केही टाढा पनि राखिएको छैन।यसमा निवेदकले आफूले सञ्चालन गरेको लाउन्स नाफा मात्र कमाउने उद्देश्य राख्नु भएको छ।आर्थिक मुनाफाको क्रममा भौतिक कल्याण र मानवता, समग्रमा देशमा रहेका नागरिकहरुको प्रति व्यक्ति आयस्रोत समेतलाई हेर्दा उक्त प्रा.लि.मा मनोरञ्जनको लागि आएका मानिसहरुले साँझको ७:०० बजेदेखि राति २ बजेसम्म करिब ८ घण्टासम्म खर्च गर्दा निजको रमाइलोको लहलहीमा आम्दानीभन्दा धेरै नै खर्च गर्ने र उक्त रकमको पूर्ति हुन नसकेको परिमाण स्वरुप घर परिवारमा त्यसको प्रत्यक्ष प्रभावको कारणले गर्दा आर्थिक तथा भौतिक क्षति हुने र घर परिवारमा झै झगडा, समाजमा अशान्ति, चोरी लुटपाट गुन्डा गर्दी जस्ता अपराधिक क्रियाकलाप समेत हुन सक्ने, जीउ धनको असुरक्षा हुने र शान्ति सुरक्षामा समेत प्रभाव पार्ने भएको कारणले गर्दा उक्त लाउन्सलाई राति २ बजे सम्म सञ्चालन गर्नु हुँदैन।मनोरञ्जनको लागि खोलिएको उक्त प्रा.लि. करिब ३ घण्टा भन्दा बढी

समय सञ्चालन गर्नु हुँदैन र उक्त लाउन्सलाई राति १०:०० बजेसम्म नै बन्द गर्नु पर्छ। शान्तिपूर्ण रुपमा सञ्चालन भएको लाउन्सलाई निवेदनमा भनिएको जस्तो धाक, धम्की दिने र पक्राउ गर्न खोज्ने कार्य गरिएको छैन,होइन। तसर्थ, उक्त झुट्टा रिट निवेदन बदरभागी छ, खारेज गरी पाउँ भन्ने समेत व्यहोराको विपक्षी इलाका प्रहरी कार्यालय, बुटवलका तर्फबाट पेस गरिएको लिखित जवाफ।

५. आम स्वदेशी/विदेशी नागरिकहरुलाई सेवा, सुविधा, मनोरञ्जन प्रदान गरी पर्यटन व्यवसायको विकास गर्नुका साथै, २४ सैं घण्टा स्वतन्त्र रुपमा व्यापार व्यवसाय सञ्चालन गरी देशको सर्वाङ्गीण विकासको लागि मनोरञ्जनका डिस्कोथेक, क्लब आदि स्वतन्त्रतापूर्वक सञ्चालन गर्न पाउँ भन्ने व्यहोराको रिट निवेदकहरुको जिकिर दावी न्यायोचित छ। तर, प्रहरी जनशक्तिको सीमितता,सार्वजनिक स्थानमा CCTV क्यामेरा नभएको, रातिको समयमा सडक बत्ती कम मात्रामा भई अध्याँरोको कारण मानिसहरु स्वतन्त्र भएर हिंडडुल गर्न कठिनाई हुनुको साथै, चोरी डकैती जस्ता गम्भीर घटना हुन सक्ने भएको, रातिको समयमा मादक पदार्थ सेवन गरी Hit and Run का घटनामा बृद्धि,मुख्य स्थानमा बाहेक अन्य स्थानको सडकको अवस्था बिग्रिएको, नाइट क्लबले ध्वनि प्रदूषण गराउने गरेको भनी स्थानीय बासीको बारम्बार आउने गुनासो, विशेष गरी रात्रिकालीन मनोरञ्जन प्रदान गर्ने क्लब मर्यादित नभई समाजमा विकृति विसंगति ल्याउने गरेको भन्ने स्थानीय बासी र महिला संघ संस्थाबाट पनि बारम्बार गुनासो आउने गरेको र विकासको पूर्वाधार विना २४ सै घण्टा नाइट क्लब सञ्चालन गर्न सुरक्षा समेतको दृष्टिकोणले हालको अवस्थामा सम्भव नदेखिएको। विधि र कानूनसम्मत तरिकाले सञ्चालन भएका कुनै पनि व्यापार, व्यवसायको सुरक्षा, संरक्षणको लागि यस कार्यालय तथा मातहतका प्रहरी कार्यालयहरुबाट अहोरात्र प्रहरी खटिई सुरक्षा प्रदान गर्दै आइरहेको अवस्थामा रिट निवेदकहरुले यस कार्यालय तथा मातहत रहेका अन्य प्रहरी कार्यालयहरुबाट मनोरञ्जनात्मक क्लब,दोहोरी, लाइभ म्युजिक, डिस्कोथेक, क्लबहरुमा विना कारण प्रहरी कर्मचारी प्रवेश गरी गाली गलौज गर्ने, धाक,धम्की दिने, धरपकड गर्ने, कुटपिट गर्ने गरेको भन्ने आरोप पूर्णतयाः झुट्टा, निराधार, कपोकल्पित भएको हुँदा उक्त रिट निवेदन खारेज गरी पाउँ भन्ने समेत करिब एकै मिलान व्यहोराको विपक्षी जिल्ला प्रहरी कार्यालय रुपन्देही, भैरहवा र

विपक्षी वडा प्रहरी कार्यालय बुटवल रुपन्देहीका तर्फबाट पेस गरिएको छुट्टाछुट्टै लिखित जवाफ।

६. जिल्लामा शान्ति सुरक्षा कायम गर्न स्थानीय प्रशासन ऐन, २०२८ ले जिल्ला प्रशासन कार्यालयलाई जिम्मेवार बनाएको छ। प्रचलित कानून बमोजिम स्थापना भएका कलकारखाना, कम्पनी, व्यापार व्यवसाय, यातायात लगायतका क्षेत्रहरुको सुरक्षा र सुसञ्चालन कार्य समेतमा बराबर विभिन्न खालका चुनौतिहरु पनि देखा परिरहन्छन्। यस किसिमका कतिपय चुनौती/समस्याका बारेमा सम्बन्धित सरोकारवालाहरु समेतलाई राखी प्रचलित कानूनको अधिनमा रही समाधान गरिने गरेको समेत छ। रितपूर्वक सम्बन्धित निकायमा आफ्नो व्यवसाय दर्ता गरी रात्रिकालीन व्यवसाय सञ्चालन गर्न पाउने गरी इजाजतपत्र प्राप्त गरी सञ्चालन गरेका व्यवसायको सुरक्षा दिनुपर्ने यस कार्यालयको दायित्व भित्रै पर्न आउँछ। अतः यसरी रितपूर्वक इजाजतपत्र लिई प्रचलित कानून र तोकिएको सर्तको परिधिभित्र रही व्यापार व्यवसाय सञ्चालन गरेको अवस्थामा रिट निवेदकले निवेदनमा उल्लेख गरे जस्तो समय सीमा पूर्व बन्द गराउने, हुलहुज्जत गर्ने, दुःख हैरानी दिने, धरपकड गर्ने समेतका कार्य गरी व्यवसाय सञ्चालनमा आघात पार्ने जस्ता कुनै पनि कार्यहरु यस कार्यालयबाट भए गरेको होइन। रिट निवेदकले केवल आशंका रहेको भनी आफैं शंकित भई तहाँ सम्मानित अदालतमा दिएको रिट निवेदनको व्यहोरा कपोलकल्पित, आधारहीन र झुठा हुँदा तहाँ सम्मानित अदालतबाट यस कार्यालयका नाउँमा कुनै आज्ञा आदेश जारी हुनुपर्ने होइन। सो रिट निवेदन खारेजभागी हुँदा खारेज गरी पाउँ भन्ने समेत व्यहोराको विपक्षी जिल्ला प्रशासन कार्यालय, रुपन्देहीका तर्फबाट पेस गरिएको लिखित जवाफ।

## आदेश खण्ड

७. नियम बमोजिम साप्ताहिक तथा आजको दैनिक पेसी सूचीमा चढी निर्णयार्थ पेस भएको प्रस्तुत रिट निवेदनमा निवेदकका तर्फबाट उपस्थित विद्वान् अधिवक्ता श्री कृष्ण सुवालले मेरो पक्षले सञ्चालन गरेको रात्रिकालीन मनोरञ्जन व्यवसायमा अनाअवश्यक रुपले विपक्षीहरुले छापा मार्ने, अनावश्यक सोधपूछ गर्ने र ग्राहकलाई समेत गिरफ्तार गरी हतोत्साही गर्ने भई मेरो पक्षको व्यवसाय गर्ने मौलिक तथा कानूनी हकमा असर परेको छ भने मुलुकका अन्य सहरमा यस्ता व्यवसायहरु रात १२ बजे, २ बजे र काठमाण्डौं जस्ता सहरमा चौबिसै घण्टा सञ्चालन भैरहेको अवस्थामा बुटवल

उपमहानगरपालिका मेरो पक्ष रात्री मनोरञ्जन व्यवसायीलाई हतोत्साही पार्ने गरेबाट व्यवसाय बन्द गराउने आशंका भएकोले निषेधाज्ञाको आदेश जारी हुनुपर्छ भनी र विपक्षीहरुको तर्फबाट उपस्थित विद्वान उपन्यायधिवक्ता श्री नरेन्द्र देवकोटाले निश्चित मापदण्ड पूरा नगरी रात्रिकालीन मनोरञ्जन व्यवसाय सञ्चालन गर्दा कामदारहरुको सुरक्षा लगायतका विषयमा प्रश्नहरु पटक पटक उठ्ने गरेको र के कसो भएको छ, निरीक्षण गर्ने शान्ति, सुव्यवस्था गर्ने उद्देश्यले समय समयमा सुरक्षाकर्मीहरुले त्यस्ता स्थानहरुमा अनुगमन गर्ने गरेकोसम्म भएकोले त्यस्तो कार्यबाट निवेदकको कानूनी तथा संवैधानिक हकमा असर नपरेकोले रिट जारी गर्नु पर्ने अवस्था नहुँदा खारेज गरी पाउँ भनी गर्नु भएको बहस सुनियो।

८. मिसिल केलाई हेर्दा, म निवेदकले रात्रिकालीन मनोरञ्जन सेवा सञ्चालन गर्ने उद्देश्यले द कन्सेप्ट चेन प्रा.लि. नामक कम्पनी दर्ता गरी सम्बन्धित कार्यालयबाट पान, भ्याट र इजाजत प्राप्त गरी तोकिएका मापदण्ड पूरा गरी तोकिएका सर्त बन्देजमा रही रात्रिकालीन मनोरञ्जनात्मक ब्याण्ड, डिस्कोथेक सञ्चालन गरेका अवस्थामा जिल्ला प्रहरी कार्यालय, इलाका प्रहरी कार्यालयको आदेश छ भनी केही प्रहरीहरु आई हुल हुज्जत गरी डिस्कोथेकमा प्रवेश गरी विना आधार, कारण माथिको आदेश छ भनी कहिले १० बजे, कहिले १०:३० बजे राति बन्द गर्न आदेश दिने गरेबाट स्वदेशी, विदेशी पाहुनाहरु मनोरञ्जन लिइरहेको अवस्थामा अमर्यादित तवरबाट धम्काउने, हैरानी दिने, पाहुनाहरुलाई नै राति गिरफ्तार गरी लैजाने, बिहान छाडी दिने जस्ता कार्य गर्ने गरेबाट डिस्कोथेक सञ्चालन गर्न रोक लाग्ने आशंका भएकोले मेरो नेपालको संविधान प्रदत्त पेशा, व्यवसाय गर्ने धारा १७, समानताको हक धारा १८, सम्पत्ति आर्जन गर्ने लगायतको संविधानको धारा २५ तथा मुलुकी देवानी संहिता, २०७४ को दफा १७ र १८ अन्तर्गतको नागरिक हकमा असर परेकोले ऐ. संविधानको धारा १४४, ऐ. मुलुकी देवानी संहिता,२०७४को दफा २६ तथा न्याय प्रशासन ऐन, २०७३ को दफा ८(१) अन्तर्गत विपक्षीहरुको नाउँमा निषेधाज्ञायुक्त परमादेशको आदेश जारी गरी पाउँ भनी निवेदन लिई आएको छु, विपक्षीहरुले जुनसुकै बखत म निवेदकलाई थुनछेक, धरकपड गर्ने, जबरजस्ती तरिकाले मेरो व्यवसाय बन्द गर्ने आशंका भएकोले निवेदनको टुङ्गो नलागेसम्म मेरो व्यवसायमा हुल हुज्जत नगर्न, रातको २ बजे अगावै कुनै किसिमको रोक लगाउने कार्य नगर्नु, नगराउनु भनी उच्च अदालत नियमावली, २०७३ को नियम

४२(१) बमोजिम विपक्षीहरुका नाउँमा तत्काल अन्तरिम आदेश जारी गरी पाउँ भन्ने मुख्य निवेदन जिकिर रहेको पाइयो।

९. विपक्षीमध्ये इलाका प्रहरी कार्यालय बुटवलका तर्फबाट पेस भएको लिखित जवाफ व्यहोरालाई हेर्दा, डिस्कोथेक सञ्चालन तथा ग्राहकहरुलाई धाक, धम्की दिने, पक्राउ गर्ने र पक्राउ गर्न खोज्ने कार्य गरेको अवस्था होइन। निवेदकले नाइट क्लब नागरिक बस्तीको बीचमा सञ्चालन गरेकोले कोठामा मात्र साउण्ड प्रुफ भएकोले राति बाहिर आवाज आउने भएकोले वरिपरि बसोबास गर्ने मानिसहरुलाई असर पुगेकाले पटक पटक गुनासो आएको, डिस्कोथेकमा मादक पदार्थ समेतको प्रयोग हुने हुँदा रातको २:०० बजेपछि ग्राहकहरु घरमा जान सक्ने नसक्ने, सवारी साधन भए नभएको, त्यस्तो मादक पदार्थ सेवन गरेका पाहुना राति २.०० बजेपछि घरमा जान सक्ने, नसक्ने के कस्तो अवस्थामा छ? रातको समयमा नशाको तालमा हो-हल्ला गर्ने, शान्ति सुरक्षामा खलल पुग्ने, नशा र मनोरञ्जनको सुरमा आम्दानी भन्दा बढी खर्च गर्ने, पारिवारिक कलहको सृजना हुने, आपराधिक गतिविधि बढ्ने भएकोले र यदाकदा लाउन्सभित्र समेत झगडा हुने भएकोले निगरानी राखी शान्ति, सुव्यवस्था कायम गर्न सहज होस् भनी १० बजे रातिसम्म सञ्चालन गर्नुसम्म भनिएको हो भन्ने पाइएकोमा जिल्ला प्रहरी कार्यालय रुपन्देहीबाट पेस भएको लिखित जवाफ व्यहोरालाई हेर्दा, स्वदेशी, विदेशी नागरिकलाई सेवा, सुविधा, मनोरञ्जन प्रदान गरी पर्यटन व्यवसायको विकास गर्नुका साथै २४ सैं घण्टा स्वतन्त्र रुपमा व्यापार व्यवसाय सञ्चालन गरी देशको सर्वाङ्गिण विकासको लागि मनोरञ्जन वा डिस्कोथेक वा क्लव स्वतन्त्र रुपले सञ्चालन गर्न पाउँ भन्ने निवेदन आदि न्यायोचित हुँदा हुँदै पनि जनशक्तिको सीमितता, सार्वजनिक स्थानमा CCTV क्यामेरा नभएको, सडक बाटो अपर्याप्पताका कारण रात्रि समयमा व्यक्तिहरु हिंडडुल गर्न कठिन हुनुका साथै चोरी डकैती गम्भीर घटना हुन सक्ने भएकोले रातिको समयमा मादक पदार्थ सेवन गरी Hit and Run का घटना बृद्धि भएको, मुख्य स्थान बाहेक अन्य स्थानमा सडकको अवस्था बिग्रिएको, नाइट क्लबको आवाजले ध्वनि प्रदूषण गराएको स्थानीय जनगुनासो, रात्रिकालीन मनोरञ्जन दिने क्लब अमर्यादित भएको, विकृति विसंगति फैलाउने गरेको भन्ने स्थानीय बासीको गुनासो भएकोले भौतिक पूर्वाधार विना नाइट क्लबहरु २४ घण्टा सञ्चालन गर्न सुरक्षाको दृष्टिकोणले हालको अवस्थामा सम्भव नदेखिएको अवस्था छ भने विधिसम्मत तवरबाट सञ्चालन भएको डिस्कोथेक, दोहोरी साँझ, लाइभ म्यूजिक,

नाइट क्लबहरुमा विना कारण प्रहरीले प्रवेश गरी धाक धम्की दिने, धरकपड आदि गरेको भन्ने आरोप निराधार भएकोले रिट खारेज गरी पाउँ भन्ने पाइयो। यसैगरी, जिल्ला प्रशासन कार्यालय रुपन्देहीबाट पेस भएको लिखित जवाफ व्यहोरालाई हेर्दा, जिल्ला प्रशासन कार्यालय ऐन कानूनद्वारा जिम्मेवारपूर्वक सञ्चालन हुने कार्यालय भएकोले प्रचलित कानून बमोजिम सञ्चालन भएका कलकारखाना, कम्पनी, व्यापार, व्यवसाय, यातायात लगायतका क्षेत्रहरुमा सुरक्षा र सुसञ्चालन कार्य समेतमा बराबर विभिन्न खालका चुनौतीहरु देखा परिरहने भएकोले कतिपय अवस्थामा सरोकारवालाहरु समेतलाई राखी कानूनको परिधिभित्र रही समाधान गरिदै आएको छ भने रितपूर्वक दर्ता भै सञ्चालनमा आएका व्यवसायहरुलाई सुरक्षा दिनु कार्यालयको दायित्वभित्र पर्ने भएकोले कानून र तोकिएको सर्त बमोजिम सञ्चालन भएका व्यवसायहरुमा समय सीमा पूर्व बन्द गराउने, हुल हुज्जत गर्ने, दुःख हैरानी दिने, धरकपड आदि कार्य यस कार्यालयबाट नभएकोले आधारहीन रिट निवेदन खारेज गरी पाउँ भन्ने पाइयो।

१०. उपरोक्त बमोजिमको रिट निवेदन व्यहोरा, लिखित जवाफ, पेस भएका प्रमाणहरु र दुवै तर्फका विद्वान् कानून व्यवसायीहरुको बहस भएको प्रस्तुत निषेधाज्ञा मिश्रित परमादेश निवेदनमा निवेदकको माग बमोजिम आदेश जारी हुनु पर्ने, नपर्ने सम्बन्धमा निर्णय दिनु पर्ने देखिन्छ।

११. निर्णयतर्फ विचार गर्दा, सिद्धान्ततः निषेधाज्ञाको आदेश निवेदकको निर्विवाद मौलिक तथा कानूनी हक विपक्षीको काम कारवाहीद्वारा हनन् हुने आशंकाको स्थिति रहेमा तत्काल त्यस्तो कार्य रोक्ने प्रयोजनार्थ विपक्षीका नाममा सक्षम अदालतद्वारा जारी गरिने अस्थायी प्रकृतिको आदेश हो भने परमादेशको आदेश भनेको मातहतका अड्डा अदालत तथा सरकारी निकाय एवं अधिकारीहरुले कानूनी कर्तव्य (Public Legal Duty) पूरा नगरेको, निर्णय गर्नुपर्ने कुराहरु उपयुक्त समयमा निर्णय नगरी अनिर्णयको बन्दी भएको, कानूनी कर्तव्य पालन गर्न इन्कार गरेको वा क्षेत्राधिकारविहीन उजूरी ग्रहण गरी कारवाही वा निर्णय गर्न लागेकोमा कानून बमोजिम निर्णय गर्नू भनी उच्च तहका अदालतबाट जारी हुने विशिष्ट प्रकारको आदेश हो। प्रस्तुत विवादमा मुलुकी देवानी संहिता, २०७४ को दफा २६ लाई अध्ययन गर्दा निषेधाज्ञा निवेदनबाटै निवेदकको माग समेटिने देखिंदा यहाँ परमादेश रिट निवेदनको औचित्यता नदेखिएकोले त्यसतर्फ विचार गरिरहन परेन।

१२. प्रस्तुत विवादमा निषेधाज्ञाको आदेश जारी हुने, नहुने सम्बन्धमा विचार गर्दा, निवेदक नेपाली नागरिक भएको तथ्यमा विवाद छैन। निजलाई मानव अधिकारसम्बन्धी विश्वव्यापी घोषणापत्र, १९४८, नेपालले अनुमोदन गरी पक्ष बनेको नागरिक तथा राजनितिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध १९६६, आर्थिक, सामाजिक र सांस्कृतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध १९६६ र राष्ट्रिय कानूनतर्फ नेपालको संविधान, मुलुकी देवानी संहिता, २०७४ बमोजिम पेशा गर्ने स्वतन्त्रता, सम्पत्ति आर्जन गर्ने, उपभोग गर्ने हक प्राप्त भएको कुरामा सन्देह छैन।

१३. निवेदकले "The concept chain नामक नीजि कम्पनी" कम्पनी रजिष्ट्रको कार्यालयमा दर्ता गरी सो को स्थापना रुपन्देही जिल्ला, बुटवल उपमहानगरपालिका वडा नं. ११ मा गरेको देखिन्छ। उक्त कम्पनीको उद्देश्यहरुमा देशको पर्यटन विकासको पूर्वाधारको रुपमा रहेको आधुनिक साधनले सुसज्जित सुविधायुक्त रेष्टुरेण्ट, बार तथा फाष्टफुडको स्थापना गरी स्वदेशी तथा विदेशी पाहुनाहरुलाई स्वस्थ्यकर पूर्ण स्तरयूक्त खाना, चमेना गृह, कफी मदिरा तथा पेय पदार्थजन्य पिउने अवस्था समेतको सेवा छिटो, छरितो, सहज र ग्राहकको माग बमोजिम गराउने, आधुनिक समयको माग अनुसार Live music, Dance party लगायतका मनोरञ्जनात्मक कार्यक्रमहरु सञ्चालन गर्ने समेत रहेको पाइन्छ। निवेदकले उक्त उद्देश्य पूर्ति गर्नका लागि सञ्चालन गर्ने मनोरञ्जनात्मक कार्यक्रमहरु सञ्चालन गर्न इजाजत प्राप्त गरेको कुरामा विवाद देखिदैंन।

१४. निवेदकले कानून बमोजिम कम्पनी दर्ता गरी रात्रिकालीन मनोरञ्जन कार्यक्रमहरु सञ्चालन गर्ने प्रयोजनको लागि इजाजतपत्र प्राप्त गरी सकेको अवस्थामा निजलाई आफ्नो पेशा, व्यवसाय गर्न अनावश्यक रुपले रोक लगाउन मिल्दैन। विपक्षीहरुले लिखित जवाफ पेस गर्दै सीमित जनशक्तिका भरमा शान्ति, सुरक्षा लगायतमा भएको चुनौती, नागरिकले मदिरा सेवन गरी मनोरञ्जनको लतमा आयश्रोतलाई ख्याल नगरी खर्च गर्दा पारिवारिक कलह, परिवारको विचल्ली हुने, बजार क्षेत्रमा सञ्चालित भएकोले स्थानीयलाई ध्वनि प्रदूषणले दैनिक जीवनमा खलल पुर्याएको भन्ने पाइन्छ। विपक्षीहरुले लिखित जवाफ पेस गरी अदालतलाई जानकारी गराएको प्रति इजलासले सह्राना गरेको छ। "प्रत्येक नागरिकलाई कानूनले प्रतिबन्ध वा निषेध गरेको बाहेक सबै काम गर्ने हक सुविधा हुन्छ" मात्रै होइन कानुनी हक हुन्छ। राज्यले कुनै पेशा वा व्यवसाय गर्न इजाजत दिन्छ भने त्यस्तो व्यवसाय सञ्चालन गर्न निर्दिष्ट सर्तहरुको उल्लङ्घन गरेमा राज्य वा विपक्षी सार्वजनिक निकाय र अधिकारीहरुले हस्तक्षेप गर्न पाउने कुरामा

सन्देह छैन। निवेदकले sound proof बार निर्माण गरी मापदण्ड पूरा गरी सञ्चालन गरेको भन्ने दावी छ। त्यसमा विपक्षीहरुले मापदण्ड नपुगेको भनी एकिनसाथ भन्न सकेको पाइदैंन। sound pollution भएको भन्ने स्थानीय नागरिक वा नागरिक समाजको गुनासो रहेको प्रसङ्ग उल्लेख भएको भएतापनि त्यस्तो लिपिबद्ध कुनै कुरा लिखित जवाफसाथ पेस भएको पाइएन। तसर्थ, कानून बमोजिम कम्पनी स्थापना गरी, सम्बद्ध निकायबाट इजाजत प्राप्त गरी आवश्यक पर्ने मापदण्ड पूरा गरी कम्पनीको उद्देश्य पूर्ति गर्ने कार्य गरी रहेकोमा अपारदर्शी, मनगढन्त, कपोकल्पित, आशंका भरमा हस्तक्षेप हुनु न्यायपूर्ण हुँदैन। अझ आफ्नो रकम खर्च गरी रात्रिकालीन मनोरञ्जनको सेवा खरिद गरी आनन्दित भैरहेको, कम्पनीका कामदारहरुले सेवा प्रवाह गरी रहेको समयमा बीचमै राज्य वा सार्वजनिक निकाय वा अधिकारीहरुको तर्फबाट हस्तक्षेप हुँदा सेवा प्रभावित हुने र यसको निरन्तरतामा प्रश्न चिन्ह लाग्ने कुरा निसन्देह स्पष्ट छ। यसबाट निवेदकको पेशा, व्यवसाय र सम्पत्ति सम्बन्धी मौलिक तथा कानूनी हकमा अपूरणीय क्षति पुग्ने कुरामा दुई मत छैन। विश्व खुल्ला समाज(open society) तर्फ निरन्तर उन्मुख छ भने नीजि क्षेत्र (private sector) राज्यको विकास र अर्थतन्त्रको अभिन्न पक्ष भएको छ। नेपालको अर्थतन्त्र क्रमशः पर्यटनतर्फ उन्मुख हुँदै गएको छ। यसका लागि निवेदकले सञ्चालन गरेको मनोरञ्जन कार्यक्रमहरुको महत्व अधिक छ। स्वदेशी विदेशी ग्राहक(पाहुना)हरु वा पर्यटकहरुले मनोरञ्जन लिने पक्षलाई महत्वका साथ नियाली रहेका हुन्छन्। राज्यका अधिकारीहरुले यस कुरालाई गम्भीरताका साथ सोंच विचार गरी गैरकानूनी कार्य भएको पर्याप्त र विश्वसनीय आधारमा हस्तक्षेप गर्ने प्रक्रिया अपनाउनु उपयुक्त हुन्छ। यसको तात्पर्य त्यस्ता व्यवसायीले गैरकानूनी कार्य गरेको कुरा स्थापित हुनु आवस्यक छ। विपक्षीहरुको लिखितजवाफबाट कारवाही उठाएको कुरा अभिलेख हुन सकेको प्रमाण पेस भएको देखिदैंन। तसर्थ, निवेदकको मनोरञ्जन सेवा प्रवाह कार्यक्रममा कानूनको उचित प्रक्रिया नपुऱ्याई हस्तक्षेप गर्ने, गराउने कार्य नगर्नु, नगराउनु भनी विपक्षीहरुका नाउँमा निषेधाज्ञाको आदेश जारी हुने नै अवस्था देखिन्छ।

१५. साथै, रात्रिकालीन मनोरञ्जन सेवा के कति रातिसम्म सञ्चालन गर्ने भन्ने सम्बन्धमा मूलतः २ वटा सञ्चालकको शैली पाइन्छ। शहर सुत्दैन, सुति हाले छोटो समयको लागि सुत्छ भन्ने र महानगर कदापि सुत्दैन। पहिलो शहर सुत्दैन,सुतेपनि छोटो समयको लागि सुत्छ(Town is not sleep or May sleep for short time) भन्ने शैलीमा रातको सीमित समय सुत्छ भन्ने कुराले मनोरञ्जन लगायतका रात्रिकालीन

व्यवसायहरुमा पनि समयको पावन्दी हुन्छ भन्ने नै हो। अर्कोतर्फ, महानगर कदापि सुत्दैन भन्नुको मतलब रातभर मानिसहरुले आफ्नो पेशा, व्यवसाय सञ्चालन गर्न सक्छ भन्ने अर्थमा नै लिइन्छ। फलस्वरुप, मनोरञ्जन सेवा समेत २४ सैं घण्टा सञ्चालित हुन सक्छ भन्ने कुरा हो। गृह प्रशासन सुधार कार्ययोजना, २०७४ को बुँदा नं. ६६ मा सरोकारवालाहरुसँगको सहकार्यमा पर्यटकको आवागमन बढी हुने क्षेत्रहरुमा २४ सैं घण्टा बजार खुल्ला राख्न सुरक्षा व्यवस्था मिलाउने कुरा लिपिबद्ध भएको छ। २०६८ सालमा जारी काठमाण्डौ घोषणापत्र, २०६८ (काठमाण्डौ महानगरपालिका) बुँदा नं. ७८ मा पर्यटकीयस्थललाई २४ सैं घण्टा खुल्ला राख्ने व्यवस्था गरिनेछ भने मिति २०७७।१०।१९।२ मा काठमाण्डौ जिल्लाका प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा बसेको बैठकले निर्णय नं. १ मा ***दोहोरी साँझ, डान्सबार व्यवसाय सञ्चालन राति १२ बजेसम्म, नाइट क्लब तथा डिस्कोथेक राति २ बजेसम्म सञ्चालन गर्ने समय*** तोकिएको पाइयो। साथै, उक्त रात्रिकालीन व्यवसायहरुले स्वास्थ्य तथा जनसंख्या मन्त्रालय र रात्रिकालीन व्यवसाय सञ्चालन मापदण्डको पालन गर्ने गरी त्यस्ता व्यवसाय खोल्न सञ्चालन गर्न अनुमति दिने भन्ने समेत उक्त निर्णयमा उल्लेख भएको पाइन्छ। पोखरामा पनि रात्रिकालीन व्यवसाय बेलुका ७ बजेदेखि खुलेर छोटो अवधि राति ११.०० बजेसम्म र लामो समय २.०० बजेसम्म सञ्चालन हुँदै आएको पाइन्छ। भारत, बेलायत, अमेरिकाका विभिन्न महानगरपालिका लगायतका शहरहरुमा रात्रिकालीन व्यवसायहरु असीमित वा सीमित दुवै सञ्चालन शैली अवलम्बन गरिएको पाइन्छ।

१६. यस रुपन्देही जिल्लामा समेत उपमहानगरपालिका र नगरपालिकाहरु रहेका छन्। बुटवल र सिद्धार्थनगर उपमहानगरपालिका महानगरपालिका उन्मुख रहेको पाइन्छ। वर्तमान युग विश्वव्यापीकरणको युग (globalization age) हो। हामी विश्वबाट अलग हुन सक्तैनौं। विश्वव्यापीकरणका मूल्य मान्यतालाई अगाल्दै आफ्नो मौलिकताहरुलाई जोगाउँदै अघि बढ्नुको विकल्प देखिदैंन। यो क्षेत्र पर्यटकीय हिसाबले धेरै सम्भावना बोकेको क्षेत्र हो। विश्वमा शान्तिको सन्देश प्रवाह गर्ने भगवान गौतमबुद्ध जन्मेको क्षेत्र, विश्वकै ठूलो मानवनिर्मित ताल जगदीशपुर ताल, बाल्मिकी आश्रम, त्रिवेणीधाम, रिडी, रानीमहल लगायतका धार्मिक, सांस्कृतिक र मनोरञ्जनात्मक दृष्टिबाट यो क्षेत्रको महत्व ठूलो छ। पर्यटकीय स्थलहरुमा गीत, संगीत, नृत्य, विभिन्न किसिमका पेय पदार्थ, खानाका परिकारको व्यवस्था चुस्त र दुरुस्त हुनुपर्छ। व्यवस्थापनको हिसाबले चुकेको खण्डमा पर्यटकहरुको आकर्षण न्यूनीकरण हुन जान्छ। हाम्रो पर्यटकीय थलो प्रति विकर्षण

आउँन थाल्छ, अन्ततोगत्वा क्रमशः हाम्रा नीजि क्षेत्रबाट सञ्चालनमा आएका रात्रिकालीन मनोरञ्जन व्यवसायहरु विस्थापित हुने दिशातर्फ उन्मुख हुन पुग्छन्। यो लुम्बिनी क्षेत्र बासीहरुको लागि निश्चय खुसीको खबर हुने छैन। यस हिसाबमा सार्वजनिक निकाय र अधिकारीहरुले विदेशी पाहुनाहरुलाई आकर्षण बढाउन सकिने तौरतरिका र शैलीका साथ भरमग्दुर प्रयासका साथ कर्तव्य पालना गर्ने आवश्यक मात्रै होइन, अपरिहार्य छ। शान्ति सुरक्षा, सार्वजनिक स्वास्थ्य, सार्वजनिक हित,सामाजिक सन्तुलन, कामदारको हित आदि प्रश्न एकातर्फ छ भने अर्कोतर्फ निवेदक जस्ता व्यवसायीहरुको लगानी, निजहरुले राज्यलाई तिर्न बुझाउन पर्ने कर, कामदारहरु आदिलाई दिनु पर्ने पारिश्रमिक सुविधा, सञ्चालक स्वयंको जीविकोपार्जन लगायतका दुवै पक्षहरुलाई ख्याल गरी रात्रिकालीन व्यवसाय सञ्चालनको समयावधि तोक्नु अपरिहार्य आवस्यकता देखिन्छ।शान्ति सुरक्षाको प्रश्नमा प्रमुख जिल्ला अधिकारी र जिल्ला प्रहरी कार्यालयका प्रमुख, सार्वजनिक हित, स्वास्थ्य र सार्वजनिक मर्यादाको प्रश्नमा स्थानीय निकाय र नागरिक समाज, लगानीकर्ताको हितको लागि निजहरु तर्फबाट निजहरुको व्यवसायिक प्रतिनिधि, कामदारहरुको हित आदिका विषयमा हेर्दा युनियनका प्रतिनिधिहरु समेतका बीचमा छलफल गरी सबै विषयहरुमा छलफल गरी समग्र अवस्थाको मूल्याङ्कन गरी रात्रिकालीन व्यवसाय सञ्चालन गर्ने अवधि तोक्नु र अवधि नतोकेसम्म नेपालका अन्य शहरहरुमा सञ्चालन हुने सबैभन्दा कम समय वा सबैभन्दा छिटो बन्द हुने समय ११.०० बजे राति पाइएकोले राति ११.००सम्म सञ्चालन गर्न दिनु भनी विपक्षीहरुका नाउँमा निर्देशनात्मक आदेश जारी गर्न मनासिब देखिन आयो।

१७. अतः माथि विवेचित आधार र कारण समेतबाट रिट निवेदकको रात्रिकालीन मनोरञ्जन व्याण्ड तथा डिस्कोथेक व्यवसाय सञ्चालनमा बाँधा, व्यवधान खडा गर्ने, धरकपड गर्ने, व्यवसाय बन्द गर्ने, गराउने लगायतको कार्य नगर्नू, नगराउनू भनी विपक्षीहरुको नाउँमा निषेधाज्ञाको आदेश जारी हुने ठहर्छ।रात्रिकालीन मनोरञ्जन व्यवसाय सञ्चालन सम्बन्धी विधायिकी कानून निर्माण नभएको र विभिन्न शहरी इलाकामा रात्रिकालीन मनोरञ्जन व्यवसायको दैनिक सञ्चालन अवधिमा एकरुपता नदेखिएको परिप्रेक्ष्यमा देहाय बमोजिम सञ्चालन अवधि कायम गर्नू भनी विपक्षीहरुको नाउँमा निर्देशनात्मक आदेश समेत जारी गरी दिएको छः-

- सम्बन्धित प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा स्थानीय तहका प्रतिनिधि, जिल्ला प्रहरी कार्यालयको प्रमुख, नागरिक समाजको प्रतिनिधि र सम्बन्धित

व्यवसायिक प्रतिनिधि समेतको बैठक (minute of meeting) गरी त्यस्तो रात्रिकालीन मनोरञ्जन व्यवसाय सञ्चालन अवधि तोक्नू,

- उक्त बैठकबाट कार्य सञ्चालन अवधि नतोकेसम्मको लागि उपमहानगरपालिका र नगरपालिकाभित्र राति ११:०० बजेसम्म रात्रिकालीन मनोरञ्जन व्यवसाय सञ्चालन गर्नू, गराउनू।

अन्य कुरामा तपसिल बमोजिम गर्नू,

**तपसिल खण्ड**

- माथि आदेशखण्डमा निषेधाज्ञाको आदेश जारी हुने र विपक्षीहरुका नाममा निर्देशनात्मक आदेश समेत जारी हुने ठहरेकाले प्रस्तुत आदेशको प्रतिलिपि साथै राखी आदेश बमोजिम गर्नू भनी विपक्षीहरुलाई लेखी पठाउनू.....................१
- प्रस्तुत आदेश प्रमाणीकरण भएको सूचना नियमानुसार प्रकाशन गर्नू..............१
- नक्कल माग्ने सरोकारवालालाई नियमानुसार नक्कल दिनू...............................१
- प्रस्तुत आदेशको विद्युतीयप्रति विद्युतीय प्रणालीमा अपलोड गर्नू.....................१
- प्रस्तुत निवेदनको दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार अभिलेख शाखामा बुझाई दिनू..........................................................................१

अग्नीप्रसाद थपलिया
न्यायाधीश

उक्त रायमा सहमत छु।

सुदर्शनदेव भट्ट
न्यायाधीश

आदेश तयार पार्न सहयोग गर्नेः-
शाखा अधिकृतः मिन राज पन्थी
कम्प्यूटर गर्नेः क.अ.सृजना लोहनी

इति सम्वत् २०७७ साल फागुन १२ गते रोज ४ मा शुभम् ------------------

प्रमाणीकरण मितिः-२०७७/११/ अदालतको छाप